# कास्की ज़िल्ला अदालतबाट जारी गरिएको सूचना.

विश्वव्यापी महामारीको रूपमा तीव्र गतिमा फैलिएको नयाँ भेरियन्टको कोरना भाइरस (COVID-19) को संक्रमणका कारण अदालतको कामकारबाही तथा सेवा प्रवाहमा सङ्कुचन ल्याउने गरी यस अदालतको विभिन्न मितिहरुमा भएका पूर्ण बैठकबाट निर्णय भएकोमा जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा जारी गरिएको निषेधाज्ञा रहेसम्मका लागि मिति २०७८/०३/२० गतेदेखि लागू हुने गरी देहाय बमोजिमका कामकारबाही तथा सेवाहरू मात्र प्रवाह गर्ने गरी यस अदालतको मिति २०७८।०३।१६ को पूर्ण वैठकको निर्णय बमोजिम यो सूचना जारी गरिएको छ :-

देहाय

१) पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन, अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), कल डिटेल अनुमति समेतका कार्य श्रव्य-दृश्य माध्यमबाट मात्र गरिने ।

२) फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन ।

३) बाल सुधारगृहमा रहेका बालबालिका जिम्मा लिनेसम्बन्धी निवेदनउपरको कारबाही श्रव्य-दृश्य माध्यमबाट गरिने ।

४) अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश, बहससम्बन्धी कार्य श्रव्य-दृश्य माध्यमबाट गरिने ।

५) फैसला कार्यान्वयन सम्बन्धी थुनुवा /कैदीका निवेदन दर्ता र सुनुवाइ गर्ने ।

६) अंग्र पुगेका थुनुवा मात्र प्रतिवादी भएका सरकार वादी फौजदारी मुद्दा प्रतिइजलास प्रतिदिन १ थानसम्म सुनुवाइ गर्ने ।

७) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ अन्तर्गतको उजुरी र सोको दफा ६ सम्वन्धी मुद्दा र अन्तरकालीन संरक्षणात्मक आदेश

८) विषेश प्रकृतिका निवेदनमध्ये दर्ताद्वारा विवाह र अधिकृत वारेसनामा दैनिक बढीमा तीन/तीनवटा ।

९) चालु मुद्दाको मुद्दा फिर्ता, मिलापत्र, डिसमिस र तामेली ।

१०) देवानी कार्यविधि संहिता, २०७४ को भाग १ परिच्छेद ३ अन्तर्गतको निवेदन दर्ता र सुनुवाइ ।

११) यस अदालतका केही कर्मचारीहरु हालसम्म पनि सङ्क्रमित रहिरहेको परिप्रेक्ष्यमा अदालतबाट प्रवाह गरिने सेवाहरु लिन आउने सेवाग्राही कानून व्यवसायी मुद्दाका पक्ष तथा साक्षीहरू समेतको COVID-19 को आवश्यकता अनुसार दुवैडोज खोप लगाएको प्रमाणपत्र वा PCR वा Antigen परिक्षणको नेगेटिभ रिपोर्ट पेस गर्नुका साथै सेवा लिन आउँदा स्वास्थ सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्यरूपमा पालन गर्नुपर्ने ।

पुनश्च:- काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद म्याद र तारेख नगुज्रने ।

स्रेस्तेदार

मिति-२०७८/०३/१६